# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मितिः- २०८०।१०।०४

समयः ३ घण्टा | पत्रःद्वितीय | पूर्णाङ्कः- १००

बिषयः सेवा सम्बन्धी

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. सपुर्दगीको अवधारणाबारे प्रकाश पार्दै सपुर्दगी गर्नु पूर्व गरिने जाँचबुझ प्रकृयाको सम्बन्धमा विश्लेषण गर्नुहोस्। के कस्ता अवस्थामा सपुर्दगी गर्न राज्यले इन्कार गर्न सक्छ ? वर्तमान सपुर्दगी सम्बन्धी कानूनी व्यवस्थाको आधारमा विवेचनात्मक टिप्पणी गर्नुहोस्। साथै, यस सन्दर्भमा के कस्ता समस्या तथा चुनौतीहरु रहेका छन् ? प्रष्ट पार्नुहोस्। 15

२. नेपालको संविधानलाई समावेशी सिद्धान्त अवलम्बन गर्ने विश्वका संविधानहरुमध्ये एक उत्कृष्ट संविधानको रुपमा लिइन्छ। यो संविधानले निर्वाचन प्रणाली, संवैधानिक निकाय लगायतका राजनैतिक नियुक्तिमा समावेशी सिद्धान्तको प्रत्याभूति पनि गरेको छ। यस अतिरिक्त संविधानले भाग २७ अन्तर्गत राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगको व्यवस्था गरी तीनका काम, कर्तव्य र अधिकारको समेत व्यवस्था गरेको छ। यी आयोगहरु आ-आफ्नो क्षेत्रमा काम गरिरहेका पनि छन्।

यस सन्दर्भमा यी आयोगहरु जुन उद्देश्यले स्थापना भएका थिए सो अनुरुप कत्तिको प्रभावकारी हुन सके या सकेनन् ? समीक्षा गर्नुहोस्। संविधान जारी भएको दश वर्षपछि पुनरावलोकन गर्ने व्यवस्था संविधानको धारा २६५ मा भए बमोजिम अब करिब दश वर्ष हुनै लागेको अवस्थामा यी आयोगहरुको आवश्यकता, औचित्य एवं भूमिकाको पुनरावलोकन गर्ने सन्दर्भमा आफ्नो विश्लेषणात्मक प्रस्तुति दिनुहोस्। 20

३. "सम्पूर्ण कानून संसदले मात्र बनाउन सक्दैन" भन्ने भनाइसँग कत्तिको सहमत हुनुहुन्छ ? साथै, प्रत्यायोजित व्यवस्थापन (विधायन) को प्रयोग सरकारले जथाभावी गरेको भनाइलाई कसरी हेर्नुहुन्छ ? विकास समिति ऐन, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, सुशासन (सञ्चालन र व्यवस्थापन) ऐन बमोजिम जारी हुने गठन (आदेश), नियमावली, निर्देशिका तथा कार्यविधि बनाई सरकारले काम कारवाही गरेकोले संसदमा बिजनेस नदिएको भन्ने भनाइ एकाथरिको रहेको छ भने संसद कानून बनाउन उदासीन रहेको अर्कोथरिको भनाइ रहेको छ। तसर्थ, प्रत्यायोजित विधायनलाई नियन्त्रण गर्न के कस्ता कानूनी व्यवस्था आवश्यक पर्छन् ? समस्या र समाधानका उपायहरु प्रस्तुत गर्नुहोस्। 20

४. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले साविक मुलुकी ऐनको सजाय निर्धारण गर्ने विधि र प्रकृयाभन्दा फरक रुपमा कुनै कसूरको सम्बन्धमा अदालतबाट कानून बमोजिम कसूरदार ठहर भएपछि मात्रै सजाय निर्धारण गर्नुपर्ने र कसूरदारलाई सजाय निर्धारण गर्दा पनि छुट्टै सुनुवाई गरी निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ। सजाय निर्धारण गर्दा यस किसिमको व्यवस्था अवलम्बन गर्नुको सैद्धान्तिक आधारहरु विश्लेषण गर्दै नेपालमा यसको कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान गरी समाधानका उपायहरु समेत सुझाउनुहोस्। 20

५. नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक प्रदान गरेको छ। तर सोही धाराको प्रतिबन्धात्मक वाक्यांशमा "तर कानून बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन" भन्ने व्यवस्था पनि रहेको छ।

संविधानको धारा २८ मा कुनै व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य रहने व्यवस्था छ।

क्रमशः...

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ मा मूलतः सार्वभौमिकता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति, अन्तर्राष्ट्रिय सम्बन्ध, अपराध अनुसन्धान, तहकिकात, अभियोजन, आर्थिक, व्यापारिक, मौद्रिक, बौद्धिक सम्पत्ति संरक्षण, बैंकिङ्ग वा व्यापारिक गोपनीयता, जातजाति समुदायबीचको सुसम्बन्ध, व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, सुरक्षा जस्ता बिषयहरुमा सूचना प्रवाह नगरिने भन्ने व्यवस्था उल्लेख छ। अधिकतर नेपाल ऐनमा यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुने भन्ने व्यहोरासहितको दफा रहने गरेको पनि पाइन्छ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा २ मा सार्वजनिक निकायको परिभाषा गर्दा संविधान अन्तर्गतका निकाय पनि सो ऐन अन्तर्गतको आयोगको कार्यक्षेत्र भित्र पर्ने देखिन्छ। संविधानको धारा ३०६(१)(ठ) मा संवैधानिक निकायभित्र सर्वोच्च अदालत, अरु अदालत, कतिपय अर्धन्यायिक निकाय, संसद र महान्यायाधिवक्ताको कार्यालय पर्ने देखिँदैन।

लोक सेवा आयोग ऐन, २०७९ को दफा ५२ मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले सञ्चालन गर्ने परीक्षासँग सम्बन्धित लिखत तथा कागजात गोप्य रहनेछन् र अदालतको आदेश भएकोमा बाहेक त्यस्ता कागजात सार्वजनिक गर्न आयोग बाध्य हुनेछैन " भन्ने व्यहोरा उल्लेख भएको छ। लोक सेवा आयोग ऐन २०७९ को दफा ६१ मा यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम हुने र अन्य कुरामा प्रचलित कानून बमोजिम हुने भन्ने व्यवस्था पनि रहेको छ।

लोक सेवा आयोग संवैधानिक अंग हो र यसका अध्यक्ष र सदस्यहरुको नियुक्ति प्रक्रिया तथा आयोगका काम संविधान निर्दिष्ट काम हुन्। सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ११ बमोजिम गठित आयोग राष्ट्रिय सूचना आयोग हो।

नेपालमा बेलाबेलामा राष्ट्रिय सूचना आयोगले संवैधानिक अंग र निकायसँग उनीहरुले परम्परादेखि गोप्य राख्दै आएका र ती अंग निकायले गोप्य राख्न मनासिव ठहऱ्याएका सूचनाहरु सम्बन्धित वा अन्य सार्वजनिक चासो राख्ने भन्ने व्यक्तिमार्फत् सार्वजनिक गराउन सहयोग गरेको भन्ने एकाथरिको भनाइ देखिन्छ भने अर्कोतर्फ राष्ट्रिय सूचना आयोगले सार्वजनिक गर्न वा व्यक्ति विशेषलाई सूचना दिनुपर्ने भनी निर्णय गरेको बिषयमा संवैधानिक निकायहरुले सूचना नदिने गरेको भन्ने गुनासो पनि रहने गरेको छ।

लोक सेवा आयोग लगायत परीक्षा सञ्चालन गर्ने निकाय र मानव अधिकार वा अपराध अनुसन्धान गर्ने निकायलाई राष्ट्रिय सूचना आयोगले आदेश दिने वा निर्णय गर्ने गरेका कारण समस्या उत्पन्न भएको **स्थितिको** परिकल्पना गर्दै देहायका प्रश्नहरुको उत्तर दिनुहोस्। 25

क) तपाँई लोक सेवा आयोगको कानूनी सल्लाहकार वा कानून अधिकृत भएको भए तपाँई परीक्षा र परीक्षाको परिणामसँग सम्बन्धित विषयको सूचना दिन हुने/नहुने बिषयमा के कस्तो राय दिनु हुन्थ्यो ? संविधान र सम्बन्धित कानूनको रोहमा प्रकाश पार्नुहोस्।

ख) संविधानको धारा १४ बमोजिमका गैर आवासीय नेपाली नागरिकलाई बंशजको आधारमा नेपाली नागरिक सरह सूचनाको हक प्राप्त हुन सक्छ, सक्दैन? र, प्राप्त हुने हकमा के कस्ता अपवाद हुन सक्दछन् ? तर्कपूर्ण प्रस्तुति दिनुहोस्।

ग) सूचनाको हक सम्बन्धी ऐनमा विदेशी वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट सूचना प्राप्त गर्ने बिषय स्पष्ट नभएकाले ती संस्था सूचना प्रयोगको कार्यक्षेत्र भित्र पर्नुपर्छ, पर्दैन ? आधार र कारणहरु प्रस्तुत गर्नुहोस्।

घ) संविधान पूर्व आएको सूचनाको हक सम्बन्धी ऐनलाई संविधान सम्मत र व्यवहारिक बनाउन के कस्ता सुधार गर्नुपर्ला ? विश्लेषणात्मक सुझाब पेश गर्नुहोस्।

<<< समाप्त >>>